स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अस्ट्रेलियामा 'गलबन्दी नाइट' साङ्गीतिक कार्यक्रम हुने भएको छ। यही जनवरी २३ तारिखबाट उक्त कार्यक्रमको आयोजना हुन लागेको हो। कार्यक्रममा चर्चित गायिका समीक्षा अधिकारीको विशेष प्रस्तुति रहनेछ। कार्यक्रममा समीक्षाको अलावा अभिनेता आमेश भण्डारी र गायक/सङ्गीतकार सुवास खत्रीको पनि प्रस्तुति रहनेछ। सुवास खत्री पछिल्लो समय चर्चामा रहेको गीत शिरमा शिरबन्दी"का कारणले चर्चामा छन्।

**आजको विचार...**



अरनिको... (दुई पेजमा)

प्रा. डा. तीर्थप्रसाद मिश्र



अभिनेता दयाहाङ राईले साथीभाइ दर्शकदेखि सबैको मायाको कारण आफू व्यस्त कलाकार बन्न सफल भएको बताएका छन्। अभिनय व्यस्तताको कारण सबैलाई चाहेर पनि समय दिन नसकेको उनको भनाई थियो। फिल्म 'मिर्मिरे'को ट्रेलर सार्वजनिक कार्यक्रममा फिल्मको एक सुटिङ रोकेर आएको बताएका उनले मिर्मिरे अभिनय अनुभव समेत बाँडेका थिए। 'निर्देशक यमले शेर्पाले फिल्मको कथा सुनाएका थिए। एकदमै इन्टेष्टिङ लागेको थियो।

❒ वर्ष ३१ अंक १६२ ❒ २०८२ पुस २४ गते बिहीबार 8 January 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गहनाइन्डोनेसियामा बाढीबाट १६ को मृत्यु

(रासस/सिन्ह्वा)

**जकार्ता,** पुस २३/इन्डोनेसियाको पूर्वी प्रान्त उत्तरी सुलावेसीमा आएको बाढी र पहिरोमा परी ज्यान गुमाउनेको सङ्ख्या १६ जना पुग्नुका साथै अन्य तीन जना बेपत्ता रहेको राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी 'बिएनपिबी' ले जनाएको छ । विपदले सितारो टापु रिजन्सीलाई स्थानीय समय अनुसार बिहान लगभग २:३० प्रहार गरेको तथा लामो भारी वर्षाको कारणले नदीको सतह बढेको बिएनपिबीले जनाएको छ । एजेन्सीका अनुसार चार जिल्लामा कम्तीमा १४८ घरहरू प्रभावित भएका छन्, जसमा सातवटा घरहरु ध्वस्त भएका छन् भने २९ वटा गम्भीर रूपमा क्षतिग्रस्त तथा ११२ वटामा सामान्य क्षतिग्रस्त भएका छन् । मंगलबार जारी गरिएको प्रेस विज्ञप्तीमा बिएनपिबीको डाटा एण्ड इन्फर्मेसन सेन्टरका प्रमुख अब्दुल मुहारीले आपदामा २२ जना घाइते भएको र उपचारका लागि नजिकैको स्वास्थ्य केन्द्रमा लगिएको बताएका छन् । उनले ६८२ जना बासिन्दा हाल सुरक्षित अस्थायी आश्रयमा बसिरहेको उल्लेख गर्दै आपतकालीन प्रतिक्रिया प्रयासहरू विपद् व्यवस्थापन एजेन्सीहरू, खोजी र उद्धार टोलीहरू, सेना, प्रहरी र स्वयंसेवकहरूद्वारा संयुक्त रूपमा भइरहेको बताएका छन् ।

# रकमान्तर पुरानै रोग

## कानुन मिचेर २९ करोड रकमान्तर

**हाम्रा संवाददाता**

**पाल्पा,** पुस २३/सरकारले पछिल्ला हरेक वर्ष विनियोजन गरेको बजेटमा कानुन मिचेर रकमान्तर गर्दै आएको छ । प्रत्येक वर्ष विनियोजन ऐन बनाइन्छ तर पालना भएको देखिँदैन । अझ आवको अन्तिम महिनामा बढी रकमान्तर हुने ट्रेन छ । यो पनि कानुन विपरीत हो । किनभने हरेक आवको माघसम्ममा आवश्यक रकमान्तर गरिसक्नुपर्ने व्यवस्था छ । मन्त्रालयभित्रको एउटा शीर्षकको अर्को शीर्षकमा जती पनि रकमान्तर गर्न पाइन्छ । त्यसमा सीमा लाग्दैन । तर, खर्च शीर्षकमा मन्त्रालयबाट रकमान्तर गरेर अन्ततिर लैजान पाइँदैन ।

कानुन विपरीत सरकारले गत असोज मसान्तसम्ममा करिब रू २९ करोड रकमान्तर गरिसकेको छ । अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यो अवधिसम्ममा विषयगत मन्त्रालयहरुले रू १६ करोड




१५ लाख ४२ हजार बराबर आन्तरिक रकमान्तर गरेका छन् भने अर्थ मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू १२ करोड ८४ लाख ५० हजार बराबर रकम विभिन्न मन्त्रालय र निकायलाई रकमान्तर गरेको देखिन्छ । यसरी चालु आर्थिक वर्षको पहिलो त्रैमासमा रू २८ करोड ९९ लाख ९० हजार बराबर कानुन विपरीत रकमान्तर भएको हो । यसमा स्रोतान्तर र थप निकासा शीर्षकको रकम समावेश छैन । गत भदौमा गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कानुन विपरीत आन्तरिक रकमान्तर गरेका छन् भने असोजमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नियमावलीको व्यवस्था विपरीत रकमान्तर गरेको देखिन्छ । त्यस्तै, अर्थ विविध शीर्षकबाट भदौमा अर्थ मन्त्रालयका लागि एक पटक र असोज महिनामा गृह मन्त्रालयका लागि चार पटकसम्म रकमान्तर भएको छ । अर्थ मन्त्रालयको विवरणअनुसार चालु आर्थिक वर्षको बजेटमा अबण्डा शीर्षकमा राखिएको अर्थात् अर्थ विविध शीर्षकबाट गृह मन्त्रालयलाई असोज ९ गते रू सात करोड ६५ लाख, असोज २१ गते रू तीन करोड आठ लाख र असोज २२ गते रू ३० लाख रकमान्तर भएको छ । मन्त्रालयहरुले आन्तरिक रुपमा गरेको र अर्थ मन्त्रालयले स्वीकृति दिएको रकमान्तरको अवस्था हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत असोजमा रू १३ करोड ७६ लाख २३ हजार बराबर रकमान्तर गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले रू दुई करोड १७ लाख ८३ हजार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रू २१ लाख ३६ हजार बराबर रकम असोजमा रकमान्तर गरेको छ ।

## बैंकिङ कसुर मुद्दामा फरार पक्राउ



**पाल्पा,** पुस २३/प्रहरीले बैंकिङ कसुर मुद्दामा फरार अर्को एक व्यक्तिलाई पक्राउ गरेको छ । बैंकिङ कसुर मुद्दामा उच्च अदालत तुल्सिपुर, बुटवलको २०७७ फागुन १२ गतेको फैसलाअनुसार २२ दिन कैद र १८ लाख ८४ हजार जरिवाना ठहर भएपछि फरार रहेका रैनादेवी छहरा गाउँपालिका -६ का ४५ वर्षीय ओम बहादुर रास्कोटीलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीको निरन्तर निगरानी र विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पाल्पाबाट खटिई गएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका -२६ मित्रनगरस्थित आफ्नै कोठामा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । बैंकिङ सम्बन्धी कसूर मुद्दामा रास्कोटीले लगत नम्बर ११७६ मा १५ (पन्ध्र) दिन कैद र जरिवाना तेह्र लाख चौरासी हजार र लगत नम्बर ११७७ मा ७ (सात) दिन कैद र जरिवाना पाँच लाख गरी २२ दिन कैद र जरिवाना अठार लाख चौरासी हजार भुक्तान गर्न बाँकी रहेको छ । उनलाई लागेको उक्त लगत असुल उपरको लागि जिल्ला अदालत पाल्पामा पेश गरिएको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । प्रहरीले केही दिन अघि मात्र बैंकिङ कसुर मुद्दामै फरार रहेका बगनासकाली -७ का हेमन्त गैरेलाई पनि पक्राउ गरेको थियो ।

## करदातासम्म पुगेर राजस्व दाखिलाका लागि अभियान

**देवदह (रुपन्देही),** पुस २३/आन्तरिक राजस्व कार्यालय भैरहवाले राजस्व सङ्कलनका लागि अभियान सञ्चालन गरेको छ । कार्यालयअन्तर्गत रहेका करदाताले बुझाउनुपर्ने बाँकी-बक्यौता असुली गर्ने ध्येयले अभियान सञ्चालन गरेको हो ।

कार्यालयले आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क नबुझाएका करदातासम्म पुगेर राजस्व दाखिलाका लागि अभियान सञ्चालन गरेको छ । कार्यालयका अनुसार दाखिला हुन बाँकी करिब रु एक अर्ब २५ करोड राजस्व सङ्कलनका लागि यो प्रयास थालिएको हो । विसं २०८२ कात्तिकदेखि यो अभियान सञ्चालन गरिएको आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलले बताए । "सुरुमा करदाताको कारोबारको ठेगानामा राजस्व तथा कर विवरण बुझाउन अनुरोध गर्दै पत्राचार गरिएको छ । त्यसपछि उनीहरूको घर-



ठेगानामा पत्र पठाएका छौँ", उनले भने, "ती सबै करदाताको मोबाइलमा म्यासेज (सन्देश) पनि पठाएका छौँ ।" प्रत्येक करदातालाई टेलिफोनमार्फत पनि सम्पर्क गरिएको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# ज्योतिष परिषद् स्थापना दिवसको सार्थकता

**हरेक वर्ष पौष २४ गतेलाई नेपाल ज्योतिष परिषद् स्थापना दिवसका रूपमा मनाउने चलन छ । यो दिवसले नेपाली समाजमा गहिरो रूपमा जरा गाडेर बसेको ज्योतिष परम्परा र यससँग सम्बन्धित शिक्षाको अवस्थाबारे पुनः चिन्तन गर्ने अवसर प्रदान गर्छ । जन्मदेखि मृत्यु सम्मका संस्कार, विवाह, गृहप्रवेश, यात्रा, कृषि कार्यदेखि राज्य सञ्चालनसम्म नेपाली समाजले कुनै न कुनै रूपमा ज्योतिषलाई सन्दर्भ बिन्दु बनाउँदै आएको छ । यति व्यापक प्रभाव हुँदाहुँदै पनि नेपालमा ज्योतिष शिक्षाको औपचारिक अवस्था भने अपेक्षाकृत कमजोर देखिन्छ ।**

**परम्परागत रूपमा ज्योतिष शिक्षा गुरु–शिष्य परम्परामार्फत सञ्चालन हुँदै आएको छ । संस्कृत पाठशाला, गुरुकुल र केही धार्मिक संस्थाहरूमा वेद, पुराणसँगै ज्योतिष अध्यापन हुने गरे पनि आधुनिक शिक्षा प्रणालीमा यसको समुचित स्थान स्थापित हुन सकेको छैन् । त्रिभुवन विश्वविद्यालय अन्तर्गत संस्कृत क्याम्पसहरूमा ज्योतिष विषय समावेश भए तापनि विद्यार्थी संख्या घट्दो क्रममा छ । यसले ज्योतिष शिक्षाप्रति नयाँ पुस्ताको आकर्षण घट्दै गएको संकेत गर्छ । यसको एउटा कारण ज्योतिषलाई वैज्ञानिक दृष्टिले हेर्ने प्रवृत्तिको कमी र अर्कोतर्फ अन्धविश्वाससँग जोडेर मात्र व्याख्या गर्ने सामाजिक धारणा हो । केही व्यक्तिले ज्योतिषको नाममा भ्रम फैलाउने, आर्थिक शोषण गर्ने गतिविधिले यस क्षेत्रको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । फलस्वरूप, वास्तविक शास्त्रीय ज्योतिष र अवैज्ञानिक अभ्यासबीचको भिन्नता स्पष्ट हुन सकेको छैन् । तर यसको प्रभाव नकारात्मक मात्र छैन । सही अध्ययन र विवेकपूर्ण प्रयोगले ज्योतिषले मानिसलाई आत्मचिन्तन, समय व्यवस्थापन र सांस्कृतिक पहिचान जोगाउन सहयोग पुऱ्याएको छ । वैदिक ज्ञान, गणित, खगोल विज्ञानसँग जोडिएको ज्योतिष अध्ययनले अनुसन्धान र दर्शनको क्षेत्रलाई पनि समृद्ध बनाउन सक्छ । आजको आवश्यकता भनेको ज्योतिष शिक्षालाई परम्परा र आधुनिकताको सन्तुलनमा विकास गर्नु हो । पाठ्यक्रमलाई अनुसन्धानमुखी बनाउने, वैज्ञानिक खगोलशास्त्रसँग समन्वय गर्ने र राज्यस्तरबाट नियमन तथा प्रोत्साहन गर्ने हो भने ज्योतिष शिक्षा अझ व्यवस्थित बन्न सक्छ । यसर्थ ज्योतिष दिवस केवल पूजा–पाठको औपचारिकता नभई, ज्ञान, विवेक र जिम्मेवारीसहित अघि बढाउन सकियो भने मात्र यो दिवस मनाउनुको सार्थकता रहन्छ ।**

## Opinion @ Socia Network

आफ्नो यात्रामा अघि बढ्न आफै बलियो हुनुपर्छ
हर-एकको साथ गन्तव्य सम्म असम्भव छ।
*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/shanta.dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अरनिको नेपालका गहना



**प्रा. डा. तीर्थप्रसाद मिश्र**

***अरनिकोले तत्परताका साथ आफूलाई प्रदान गरिएको दायित्व पूरा गरी ढलोटको मूर्तिलाई मर्मत गरी आफ्नो सीप र दक्षताको परिचय दिए । यस कार्यबाट बादसाह प्रसन्न भई बेइजिङको श्वेत चैत्य महानिर्माण गर्ने दायित्व प्रदान गरे । अरनिकोकै नेतृत्वमा सन् १२७१ मा कार्य प्रारम्भ गरी आठ वर्ष लगाएर सो योजना पूरा भयो। यसपछि अर्को आठ वर्ष लगाएर उक्त चैत्यको परिसरमा नै एक बौद्ध विहार निर्माण गरे ।***

अरनिको नेपालको छवि विश्वभर उजिल्याउने र नेपाली मनमन्दिरमा विराजमान कहिल्यै ननिभ्ने बत्ती हुन् । यिनैको आरती र अर्चना गरी उनको व्यक्तित्व र योगदान विषयमा स्तुति गरी श्रद्धा गर्ने दिवस हो, अरनिको जयन्ती । यथार्थमा नै सबै नेपालीले श्राद्ध (श्रद्धापूर्वक गरिने कार्य) गर्ने पितृ (पुर्खा) तिनै महामानव हुन्, जसको सन्दर्भ नेपालको गौरवमय अतीतसँग प्रत्यक्ष रूपमा गासिएको छ । नेपाल र चीनमा समेत हरेक वर्ष पुस २३ गते विशेष महत्वका साथ अरनिको दिवस मनाइने परम्परा २०५८ सालबाट थालनी भएको हो ।

नेपाललाई तिब्बत, चीन, मंगोलिया, इन्डोनेसियासम्म चिनाउने अरनिको एक महान् चित्रकार, कलाकार, वास्तुकलाविद् थिए, जसको कलाकारिताबिना वास्तुकलाको इतिहास नै अधुरो र अपुरो रहन्छ । यस्ता महान् धर्तीपुत्रको कार्य र योगदान विषयमा प्रकाश पार्ने नेपाली वाङ्मयका श्रेष्ठ व्यक्तित्व सत्यमोहन जोशी र अन्वेषक मीनबहादुर शाक्यप्रति सम्मान र सराहना गर्न पनि कन्जुस्याइँ गर्नु हुँदैन । चिनियाँ स्रोतको अध्ययन, विश्लेषण र स्थलगत अवलोकनका आधारमा जोशीले र उनको चित्र अन्वेषण गर्ने शाक्यहरूले जागर नचलाएको भए अरनिको इतिहासकै गर्भमा हराउने थिए । नेपालको प्रसिद्धि तिब्बत र चीनमा पुऱ्याई ती देशहरूसँग घनिष्ठता गराउने नेपाली राजकुमारी भृकुटी विषयमा जस्तै यी महान् कलाकार अरनिको विषयमा नेपालमा ऐतिहासिक सामग्री किन मौन भए भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ खोज्ने बेला आएको छ । चीनमा पुगेर प्रसिद्धि कमाउने अरनिकोका विषयमा चर्चा गर्दा नेपाल भोट चीन सम्बन्धको पूर्वसन्दर्भलाई पृथक राख्न सकिँदैन । नेपालको सम्बन्धमा उत्तरका मुलुक खासगरी भोट र चीनसँग घनिष्ठता ल्याउने सर्वाधिक महत्त्वपूर्ण भूमिका बौद्ध धर्मले निर्वाह गरेको सर्वविदित तथ्य हो । शान्तिभङ्ग, अनन्तश्री, जेत कर्ण, सुमन कीर्ति, शान्तिश्रीजस्ता बौद्ध धर्मका पण्डित नेपालबाटै भोट पुगेका थिए । यसैगरी पद्मसम्भव पनि नेपाल भएरै भोट पुगी मानसम्मान पाउन सफल भए । यसैगरी नेवारी पण्डित महान् ज्ञानी (स्थानीयले दिएको नाम ग्रेटमर्सी तर खास नाम अज्ञात)ले त भोटबाट फर्कदा एक हजार औँस सुन दक्षिणा नै पाएका थिए । सातौँ शताब्दीमा नै कुती र केरुङ मार्ग प्रचलनमा आएपछि चीनका भारत भ्रमण गर्ने तीर्थयात्री एवम् भिक्षुहरू नेपाल भएर नै जाने आउने गरेका दृष्टान्त पाइन्छन् । सोही शताब्दीमा नै नेपाली राजकुमारी भृकुटीले ल्हासामा झोकाङ मन्दिर निर्माण गराएकी थिइन् । उक्त मन्दिरको निर्माण नेपाली कालिगडहरूले गरेको अनुमान गरिएको छ । सोही समयदेखि नेपाली कालिगड, कलाकार, वास्तुकलाविद् जस्ता जनशक्तिको माग भोटमा हुने गरेको थियो । भोटमा रहेको प्रसिद्ध साक्या(स्याक्या) गुम्बाहरू बौद्ध धर्मालम्बीका लागि आकर्षणको केन्द्र थियो र नेपालका भिक्षु बाँडाहरूलाई उक्त गुम्बा गन्तव्यस्थल थियो ।

तेह्रौँ शताब्दीमा चीनलाई आफ्नो हातमा नचाउन सफल चङ्गेज खाँ समेत साक्या गुम्बा र सम्बन्धित धार्मिक मठबाट निकै प्रभावित भएका थिए । यिनै चङ्गेजका नाति कुब्लाई खाँ सर्वत्र दिग्विजय गरी शक्तिशाली बादशाह हुन पुगेका थिए । उनले साक्या गुम्बाका सैनायक नाम गरेका व्यक्तिसँग बौद्ध धर्मदर्शनको दीक्षा लिए । यिनै कुब्लाई खाँको आदेशमा साक्या गुम्बाका प्रमुखले सोही स्थानमा सुवर्ण चैत्य निर्माण गर्न नेपालका राजालाई सयजना वास्तुकलाकार/शिल्पकार पठाइदिन अनुरोध गरे । सोहीअनुसार नेपालका मल्ल राजा जयभीम मल्ल (अनन्त मल्ल) ले कालिगडको एक टोली भोट पठाइदिए । यस टोलीको नेतृत्व अरनिकोले गरेका थिए । अरनिकोले नेपालमा छँदा नै वास्तुकलाका विविध पक्षमा दक्षता हासिल गरिसकेका थिए भन्ने अनुमान हुन्छ । नेपालबाट जाने सबै कालिगडहरू नेवार समुदायकै बौद्धमार्गी भएको अनुमान गर्न सकिन्छ । यी नेपाली कलाकारहरू नेपालको कुन स्थानबाट कुन कुन सर्तमा केकसरी गए भन्ने कुनै ऐतिहासिक दस्तावेज उपलब्ध छैन । नेपाली कलाकारहरू अरनिकोको निर्देशनमा साक्या गुम्बाको सुवर्ण चैत्य निर्माण गरी सुनका मसीले कंग्युर र तंग्युरजस्ता बौद्धधर्म कृतिहरू उतार गरी शाक्यमुनि बुद्धको सुवर्ण मूर्ति, सुवर्ण चैत्य र अनेकौँ बौद्ध मूर्ति बनाएको चर्चा सत्यमोहन जोशीले गरेका छन्, यो समय सन् १२६० आसपासको थियो । अरनिकोको प्रतिभा, कार्यदक्षता तथा सीपबाट साक्या गुम्बाका सैनायक पाहसपाले उनलाई कुब्लाई खाँको दरबार पेचिङ लिएर गए । अरनिकोका अतिरिक्त कतिजना कलाकार तिब्बत गएका थिए भन्ने कुराको तथ्य उपलब्ध छैन । सैनायकद्वारा अरनिकोको प्रतिभा र अभूतपूर्व कलाकारिताको प्रशंसा सुनेका सम्राट कुब्लाई खाँ अरनिकोबाट प्रभावित भए । उनले बिग्रेर थन्किएको एउटा ढलोटको मूर्ति मर्मत गर्ने आदेश दिए । अरनिकोले तत्परताका साथ आफूलाई प्रदान गरिएको दायित्व पूरा गरी ढलोटको मूर्तिलाई मर्मत गरी आफ्नो सीप र दक्षताको परिचय दिए । यस कार्यबाट बादसाह प्रसन्न भई बेइजिङको श्वेत चैत्य महानिर्माण गर्ने दायित्व प्रदान गरे । अरनिकोकै नेतृत्वमा सन् १२७१ मा कार्य प्रारम्भ गरी आठ वर्ष लगाएर सो योजना पूरा भयो। यसपछि अर्को आठ वर्ष लगाएर उक्त चैत्यको परिसरमा नै एक बौद्ध विहार निर्माण गरे । यसपछि अरनिकोले चीनका अन्य प्रान्तमा पनि बौद्ध मूर्ति एवं कलाकृतिबाट सजिएका बौद्ध विहार बनाएका थिए । उक्त समयसम्म अरनिकोले धेरै चिनियाँहरूलाई ढलोटकलामा दक्ष कालीगण बनाइसकेका थिए । कुब्लाई खाँले अरनिकोको कौशल र सीपको सम्मान गर्दै वास्तुकला प्रमुखमा नियुक्त गरे । उनले चिनियाँ युवतीसँग विवाह गरेर चिनको राजधानीमा घरजम गरी बस्न थाले । त्यहाँको सरकारी सेवामा कार्यरत रहँदाको अवस्थामा नै ६२-६३ वर्षको उमेरमा उनको देहान्त भयो । त्यस बेलासम्म उनका छोराहरू पनि बाबुको काँध थाप्न सक्ने हैसियतमा पुगिसकेका थिए । भनिन्छ, अरनिकोपश्चात् उनैका छोराहरू वास्तुकला विभागमा कार्यरत रहे । अरनिको केबल वास्तुकलाविद् मात्र थिएनन्, उनी त एक कुशल चित्रकार पनि थिए । उनले बनाएको कुब्लाई खाँको मुहारचित्र र साम्राज्ञीको छविचित्र ताइवानको ताइपे संग्रहालयमा सुरक्षित रहेको तथ्य मीनबहादुर शाक्यले पत्ता लगाई सोको छायाप्रति पनि उपलब्ध गराए । जुन नेपाल आर्ट काउन्सिल बबरमहल ग्यालरीमा सजाइएको छ । अरनिकोको मृत्युपश्चात् चिनियाँ सम्राटले उनलाई मरणोपरान्त प्रदान गरिने विशेष सम्मान 'मिङ हुई' सम्मानबाट श्रद्धाञ्जली दिएका थिए । आजसम्म चीनमा उनका कलाकृतिहरू देख्न सकिन्छ । बेइजिङमा उनको समाधिस्थलमा सन् १३११ मा खडा गरिएको कीर्तिस्तम्भ नै उनको जीवनी र कार्यका विषयमा जानकारी दिने एक भरपर्दो स्रोत हो । अरनिकोका विषयमा नेपाली स्रोत मौन रहँदा कतिपय प्रश्न हालसम्म अनुत्तरित नै छन् । सही उत्तर पाउन पनि मुस्किल नै होला । अरनिकोको खास नाम के थियो भन्ने विषयमा पनि अलमल छ, कसैले अनिको वा अरनिक भनेका छन त कसैले उनको नाम चिनियाँ भाषामा उच्चारण गर्दा अरनिको भएको चर्चा गरेका छन् । बाबुराम आचार्यले उनको नाम बलबाहु भएको जनाएका छन् । उनको जन्म कहिले भएको हो र सन् १२४४ मा भोट जाँदा उनी कति वर्षका थिए भन्ने पनि यकिन हुन सकेको छैन । चीनमा रहँदा अरनिकोले धेरै जनासँग विवाह गरेका थिए । उनले कति श्रीमतीलाई त पारपाचुके पनि दिएका थिए भन्ने कथन पनि छ । मृत्युकालीन समयमा उनका नेपाली श्रीमतीबाहेक दुई मङ्गोलियन र सात चिनियाँ श्रीमती रहेको उल्लेख पाइन्छ । उनले नेपालबाट श्रीमती लिएर भोट जान सम्भव देखिँदैन किनकि भोट जाने कसैले पनि श्रीमती लिएर गएको प्रमाण भेटिँदैन । उनका छोराछोरी चीनमै बसोबास गरेका र नेपालसँग कुनै सम्पर्क नभएको अनुमान हुन्छ । अरनिकोले देहत्याग गरेका थिए भन्नेसम्मका टिप्पणी पनि गरिएको पाइन्छ । उनी नेपालको कुन ठाउँबाट गएका हुन् भन्ने यकिन हुन सकेको छैन ललितपुरमा कालीगडी कलाकारहरूको बाहुल्य रहेकाले सोही ठाउँबाट उनी भोट गएको अनुमान बाबुराम आचार्यले गरेको हुनसक्छ । भोट तथा चीनमा प्रसिद्धि कमाएका नेपाली कलाकार अरनिकोका विषयमा नेपालम कुनै ऐतिहासिक प्रमाण नपाइनु साँच्चीकै खड्किने विषय हो । चिनियाँ स्रोतले प्रवाह गरेको सूचनाको आधारमा उनको योगदानको चर्चा गरिएको धेरैपछि मात्र नेपालमा अरनिकोको विषयमा चर्चा परिचर्चाहरू हुन थालेको हो । जे होस् अरनिकोलाई राष्ट्रिय विभूतिको सम्मान दिनु, उनकै नामबाट कोदारी राजमार्गको नामकरण हुनु, उनको नाममा हुलाक टिकट प्रकाशन हुनु तथा पाटनमा उनको पूर्णकदको सालिक निर्माण हुनु निश्चय नै इतिहासलाई सम्मान दिने कार्य हुन् । अरनिको नेपाल-चीन सम्बन्धलाई उचाइमा पुऱ्याउने धर्तीपुत्र हुनुका साथै चीनमा सबैभन्दा ठूलो सम्मान, पद र प्रतिष्ठा पाउने पहिलो नेपाली पनि हुन् । नेपालको वास्तुकला विश्वको रङ्गमञ्चमा फैलाउने कला सारथिका रूपमा प्रतिष्ठाप्राप्त व्यक्ति हुन् यस्ता महान् विभूतिको स्मृति जयन्ती मनाइरहँदा सबै नेपाली सम्मानित भएका छन् । चीनको पहिलो सांस्कृतिक दूत अरनिकोप्रति हार्दिक श्रद्धाञ्जलि । ***-रासस***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको काम बन्ने छ । धेरै काममा एकैपटक हात नहाल्नुहोला । | **तुला** : आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा फड्को मार्ने समय छ। |
| **वृष** : प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला, पारिवारिक सहयोगले उन्नति हुनेछ । | **वृश्चिक** : उमंगले खुसीयालियुक्त रहनेछ ।मुहारमा कान्ति र मनमा शान्ति रहला। |
| **मिथुन** :सोचेजस्तो सफलता नलाग्ला। मेहनतले उपलब्धिलाई जोगाउन सकिनेछ। | **धनु** : आम्दानीका स्रोतहरु फेलापर्ने छन् । उठ्नुपर्ने रकम हातलागी हुने छ । |
| **कर्कट** : श्रमको उचित प्रतिफल मिल्नेछ। घरायसी जिम्मेवारी बढ्नेछ। | **मकर** : सामाजिक काममा रुचि बढ्नेछ । सेवामूलक कामले प्रतिष्ठा दिलाउँला । |
| **सिंह** : उपाधि प्राप्त गर्न सकिएला कार्यक्षेत्रमा नयाँ कामको अवसर मिल्नेछ। | **कुम्भ** :मित्रहरु नजिकिनाले प्रसन्नता मिल्नेछ ।कामको जिम्मेवारी बढ्नेछ । |
| **कन्या** : मिलाएर कार्य गर्दा सफलता मिल्न सक्छ ।विचार नमिलेको कुरामा चुप रहनुनै उत्तम होला। | **मीन** : मित्रता बढ्नेछ । प्रतियोगी परीक्षामा सफलता मिल्ने छ। |

# बाल बाटिका

निबन्ध — रामशरण पुडासैनी

## ‘खुसी के हो ?’

‘खुसी के हो ?’

मैले सोधेँ या मलाई सोध्यो कसैले । उत्तर पनि मैले दिएँ या मलाई दियो कसैले । उत्तरले पटक्क चित्त बुझेन मलाई । सामाजिक शाास्त्र संकायको विद्यार्थी म, साहित्यमा रुचि भएको तर व्यावसायिक पत्रकारितालाई जीविकोपार्जनको माध्यम बनाएको । साहित्यिक वा सामाजिक क्षेत्रका उत्तरहरु जटिल प्रकृतिको हुने रहेछ । प्रश्नकर्तालाई एउटै उत्तरले चित्त बुझ्न पनि सक्छ, सय उत्तरले धित नमर्न पनि सक्छ । प्रश्न एउटै हुन्छ- कुनै उत्तरले कसैलाई चित्त बुझाउन पनि सक्छ । कसैलाई फिटिक्क मन नपरिदिन सक्छ । तुरुन्तै बटम दबाएजस्तै तर्कसंगत उत्तरबाट सन्तुष्ट हुन पनि सक्छ, क्रुद्ध पनि । अथवा त्यही जवाफले त्यत्तिबेला आक्रोशित बनेको व्यक्ति पछि फर्केर पश्चाताप पनि गर्न सक्छ । म्याथम्याटिक्सजस्तो विषय नभएकाले मूर्त प्रश्नको अमूर्त उत्तर आउन सक्छ, अमूर्त प्रश्नको मूर्त जवाफ पाइन सक्छ । त्यत्तिबेला जाँचकीले ठीक भन्ने कि बेठीक, मगज रन्थनाउन सक्नु पनि एकप्रकारको बिशेषता मान्नुपर्छ । हत्पत्ति उत्तर जमेन खुसीको । कसैकसैले सुखी हुनु खुसी हो भने कसैले आनन्दको अर्को नाम आँकलन गरे । राम्रो हुनु, प्रगति गर्नु, पैसा कमाउनु, इज्जत मानसम्मान बढ्नु, प्रतिष्ठा कायम राख्नु, आफन्तसँग सम्बन्ध राम्रो हुनु । नातेदार साथीभाइ आउजाउ गर्नु खुसी हुनुको प्रमाणपत्र हो भन्ने घोषणा पनि गरे । खुसी हुनु हाँसिरहनु हो भने कसैले, रुँदा पनि कति मान्छे खुसी हुन्छन् अथवा खुसीले पनि कति मान्छे रुन्छन् भन्ने तर्क अघि सारे कसैले । अझै सतही र सामन्य सिसिमको चटपटे उत्तर आयो, चटपटे स्वाभावका मान्छेको । गम्भीर ढंगले सोच्नेहरु गमेको गम्यै पनि भए । मैले खोजेजस्तो गतिलो जवाफ मिलेन। म्याथम्याटिक्सको जस्तो ठयाक्कै खुसी भनेको ..... भन्ने उत्तर आउनुपर्ने । उत्तर कसैले काट्न नसक्ने हुनुपर्ने । उत्तरदाताको उत्तरबाट निरत्तर बनून् प्र्श्नकर्ता भन्ने अभीष्ट पूरा हुन सकेन । कसैले खुसीलाई सन्तुष्टिको पर्याय मानेका छन् । कसैले पुस्त धन कमायो भने मान्छले खुसी आर्जन गर्न सक्छ भन्ने विश्वास राखेका छन् । मानिसका आआफना अनुभव हुन्छन्, त्यही बोल्छ । अनुभवविनाको मान्छेबोलाई फितलो हुन्छ, गतिलो हुँदैन । अनुभवले नै मानिसको अत्मविश्वासमा जराको काम गर्दोरहेछ- च्याप्प समाइराख्ने । शिक्षा पनि मानिसलाई दरिलो देखाउने काण्ड हो । तर बाँसको जस्तो खोक्रो काण्डले आत्मविश्वासी भन्दा परविश्वासी बनाउँछ । खोक्रो काण्डको रुख कुनैपनि बेला पटक्क भाँचिनसक्छ । भित्र खोक्रो बाहिर मोटो देखिनुको नियति बाँचेको छ यसले । बरु संस्कारजस्तो गतिलो शिक्षा केही हुँदोरहेनछ । व्यक्तिको विश्वास र सत्यता शिक्षामा होइन, संस्कारमा आधारित हुँदोरहछ । व्यक्तिले खोज्ने खुसी तादात्म्यता संस्कारसँग पनि जोडिन्छ । आआफ्नो पृष्ठभूमि बोकेका समाज, संस्कारका मानिसले आआफ्नै ढङ्गले खुसीलाई परिभाषित गर्लान् । शिक्षालयमा कखरा घोकाएजस्तो खुसी घोकेर कसरी सम्भव होला ? अनुभूतिको उच्चतम अनुभूति, सन्तुष्टिको सर्वोच्च अनुभूति खुसी हो । यो त व्यक्तिपिच्छे फरक हुन्छ । ठाउँपिच्छे फरक हुन्छ । समयपिच्छे फरक हुन्छ र संस्कारपिच्छे फरक हुन्छ । मानिस खुसीका लागि बाँचेको छ । संसार जित्नुको मज्जा भनेको खुसी आर्जन गर्नु हो । आफ्नो खुसीका लागि संसारका सबै चिजलाई तिलाञ्जली दिने मानिसहरु छन् । आफूलाई जे गर्दा आनन्द प्राप्त हुन्छ त्यही खुसी हो भने मान्छे यहाँ जहिले पनि, जे पनि गर्न हरदम तयार रहन्छ । कति मानिसहरु अरुका खुसीका लागि बाँचेका छन् । आफ्नो लागि संसारको खुसी समाप्त पार्ने पनि मान्छे छन् । त्याग गरेर खुसी हुनभन्दा हरुको हरेर खुसी हुने ज्यास्ता छन् समाजमा। समाजमा खुसीकै लागि अपराध बढेको हुँदोरहेछ । चोरी, डँकैती, लुटपाट, अपहरण, बलात्कार, हत्या, र युद्धसम्म भएका छन् खुसी प्राप्तिका लागि । अज्ञात खुसीका लागि अज्ञात स्थलमा, अज्ञात काम गरेर व्यक्तिहरु अज्ञात गर्तमा फस्दोरहेछ । तिमीजस्तो रोइरहने मेरो बानी छैन आँसुले मुहार धोइरहने मेरो बानी छैन दु:ख मात्र जिन्दगी, सुख के हो प्रिय ! द:खकै गीत गाइरहने मेरो बानी छैन । लेख्न त लेखियो । त्यो पनि आत्मरतिकै लागि, स्वान्त सुखाय मानिसका लागि निकै महत्व राख्ने चिज रहेछ क्यार ! अनेकन मानिसका उपायहरु छन् जसले ऊ दुई मिनेट भए पनि खुसीमा रम्न चाहन्छ । त्यही दुई मिनेटको चरम आनन्दानुभूतिका लागि मानिस वर्षौं कठोर सैर्ष गर्न रमाउँछ । के पल नै सही खुसी भइदिन लाखौं प्रयास भइरहन्छ । हरेक सङघर्षका पछाडि कतैनकतै कहीँनकहीँ केहीनकेही खुसीका अंशहरु अन्तरनिहीत छन्, हुन्छन् । त्यही भगीरथ प्रयत्नमा हुन्छ मान्छे । जिन्दगीभर माजिसहरु दास बन्न तयार हुन्छ- पलीय खुसीका निम्ति । दुई मिनेट खुसीका लागि मानिस जन्मकैद कारागारबास स्विकार गर्दछ । मानिस खान्छ, पिउँछ, हिँड्छ, पोशाक लगाउँछ, पुस्तक पल्टाउँछ, कविता लेख्छ, अहोरात्र काम गर्छ, खेलकुदमा भिड्छ- मात्र खुसी प्राप्त गर्ने अभिलाषाले । खुसी पाउने लालसाले सामाजिक रुपमा हैसियत वा तह हासिल गर्न अभिप्रेरित छ हरेक । पाइलापाइलामा आशाको किरण बोकेर उद्दीप्ति खोजिरहेको छ त के त्यो खुसी प्राप्तिका लागि होइन ? सिङ्गै पृथ्वीभरका मान्छे आफ्नो इच्छाअनुकूलको खुसी प्राप्त गर्नका लागि स्वाभाव मिल्ने प्रतिस्पर्धीसँग अघोषित रुपमा म्याराथन दौड बनेर कुधिरहेछन् । सुख पाउनु खुसी हुनु हो, सुखको क्षणमा मानिस केही समय खुसी हुन्छ । तर सधैँ मानिसले सुख पाइरहन सक्छ, सधैँ मान्छे खुसी भइरहन भने सक्तैन । त्यही सुख मान्छेका लागि तनाव, भय, चिन्ता आदिको रुपमा रुपान्तरण हुन थाल्छ । मान्छेपिच्छे फरक हुने खुसी, एउटै मान्छेमा पनि समयपिच्छे फरकफरक भइदिनसक्छ । आकाशगंगामा उल्काजस्तो कहिलेकाहीँ आक्कलझुक्कलमा देखा पर्छ खुसी । त्यसैको बलबुतोमा अर्को खुसीको परिकल्पना गरेर मान्छे बाँचेको हुन्छ । सुखमात्र हुने भएको भए सायद मान्छे बाँच्थेन, खुसीले मान्छेलाई बँचाएको छ, बाँच्न अभिप्रेरित गराएको छ । चाहे आफ्ना लागि होस् या अरुका लागि । अरुका खुसीका लागि मान्छे आत्मदाह नै सम्म गर्न तयार हुन्छ । अनि हत्या पनि गर्न पछि पर्दैन खुसीका लागि । -‘के हो खुसी ?!’ -‘सुरेन्द्रको छोरी । सुरेन्द्रको छोरीको नाम हो खुसी । ’ कसैले भन्यो’ हो, सुरेन्द्रले खुसीको लालसाले आफ्नो छोरीको नाम खुसी राखेको छ ।’ एउटा साथी छ, सुरेन्द्रमान । जसले छोरीको नाम जुरायो-खुसी । सुरेन्द्र र सारिका भाउजुले अपनाएको खुसी प्राप्तिको बाटो उत्तम नै हुनसक्छ । जसमा सायदै आरोहअवरोह होओस् अथवा दीर्घकाल खुसीलाई च्याप्प मुठ्ठीमा कस्ने अर्को जन्तर नबनुन्जेल यो बाटोलाई भरपर्दो विकल्प मान्न सकिन्छ । तत्काललाई यो जत्तिको खुसीप्रप्तिका लागि अर्को गतिलो बाटो नहुनसक्छ । मानिस जिन्दगीभर सैर्ष गरिरहँदा पनि खुसी विरलै हात पार्न सफल हुन्छ । वा पाउँदै नपाउन पनि सक्छ तर आफ्नै छोरीको नाम खुसी राखेपछि त्यसको सट्टाभर्ना बढी नै भयो, कम भएन । आनन्द अनुभूत गर्ने यो एउटा तरिका हो, नभए जिन्दगीभर मानिसले अप्राप्य त्यो खुसी खोजिरहनुपर्ने हुन्छ । सन्तुष्टिको अधार हो, सुरेन्द्र-सारिका दम्पत्तीको खुसी अन्वेषण तौरतरिका । म बेलाबेलामा आत्तिन्छु, खुसी अन्वेषणको गहिराईमा विनाखुसी निसास्सिइने पो हो कि ! सानो खुसीमा खुसी हुनु, सानो दु:खमा दु:खी हुनु मान्छेमनको उपज हो । थोरै निराशामा निराश हुनु, थोरै सफलतामा उत्साहित हुनु पनि त रहेछ नि ! खुसीले पागल हुँदा मान्छेले के गर्छ होला ! हास्ने, रमाउने, उफ्रने, अझ ‘सेलिब्रेट’ गर्ने चलन छ । खुसीले चरमचुलीमा पुग्दा त्यसलाई कसरी आत्मसात् गर्ने, सुग्राह्रय बनाउने अथवा दीर्घअनुभूत गराउने, त्यसको तरिका खोजी गर्ने भन्ने सवाल पनि आउने गर्छ । सगरमाथीय खुसी अथवा आकाशीय खुसी आर्जन गर्नेहरुको अनुभूति ग्रहण गर्न पाइयो भने आफैँले अनुभूत गरेभन्दा कम नै सही, खुसी केही हदसम्म प्राप्त गर्न सकिएला कि । कोही पनि गायक, कलाकार, चित्रकार, कवि बाहेकको साधारण मानिसले आफूले अनुभूत गरेको विश्वको सर्वाधिक खुसीलाई कसरी फोटोकपी गरेर सुरक्षित राख्ला ! यस्तोखाले मेसिनको निर्माण गर्न सकिन्न ? जसले संसारभरका मानिसलाई खुसी तुल्याउन सकियोस् । संसारमा एउटा छुट्टै खुसी देश निर्माण गर्न सकिन्न ? जहाँ मान्छेले एकपटक त्यहाँ पुगेर खुसी प्राप्त गर्न सकोस् । भन्न त केही देशलाई खुसी त होइन, सुखी देशचाहिँ मानेका छन् तर अन्तरपीडा अभिव्यक्त हुँदा त्यो झन तनावी, भय र सङ्कट देश साबित भएका शब्दचित्र पोखिएका छन् । खुसी भनेको भावना हो । ढोका थुनेर म निबन्ध लेखिरहेको बेलामा अनूज शिव वियोगी बोल्यो । खुसीको मापन भावनाले मात्र गर्न सकिन्छ । मनसँग गाँसिएको तन्तु हो खुसी । हरेक ब्यक्तिका खुसी फरकफरक हुने गर्छ । सबै मानिस खुसी अपहरण गरेर आफू उत्कर्ष खुसी बाँचेका हुदैनन् । खुसी हुन त्यसभित्रै पसिदिनुपर्ने रहेछ । खुसीलाई आत्मीकरण गर्नुपर्नेरहेछ । खुसीधारण गर्न नसक्ने व्यक्ति पृथ्वी आफ्नै नाममा पास गरिदिए पनि चिन्ताग्रस्त हुन्छ । ब्रह्माण्ड सम्हाल्ने जिम्मेवारी पाए पनि दुखित बन्छ अथवा केही नपाए झन् दुखितको दुखित नै भइराख्छ । घटनाक्रमहरु भइराख्छन्, सानोतिनो आरोहअवरोहमा लचकता देखाउनुपर्छ । ओरालो लाग्दा अनुहार खुम्चन्छ । उकालो लाग्दा अनुहार चम्कन्छ । त्यही हो नि खुसी । सम्झँदा खुसी पाइलैपिच्छे पनि भेट्न सकिन्छ । आजीवन साक्षात्कार नहुन पनि सक्छ । खुसी भनेको त खुसी नै पो रहेछ त !

*-समकालीन साहित्य डटकम*

कथा — बुद्धमणि ढकाल

## बुढा–बुढीको कथा

*झुमाले एक बिहान आमासँग भनी,” आमा, बुबाले कान्छी आमा ल्याएर बसेका होलान् । नभए त एक दुई वर्षमा आउनुपर्ने । किन माया मारेका होलान् हामीलाई ?” !!!*



माइला बाजेको वनवास माइला बाजे नौ नम्बर फारसको एउटा गोठमा बेरुवा सुर्तीको मुस्लो धुवाँ उडाउँदै टाटनोमा बाछालाई घाँस हाल्दै थिए । त्यो गोठको मालिक नै माइला बाजे हुन् भने हुन्छ । जन्तरे महाजनका चालिस पुच्छर गाईवस्तुसँग उनका निजी पन् पुच्छर छन् । नौ नम्बरको खर्कमा जम्मा सात गोठ नजिक नजिक बसेका छन् नेपाली र कुनै असमियाका । बाछालाई बेलुकाको डाले घाँस बटुल्न खुकुरी भिरेर हिँड्नै लाग्दा दुई बिहारी मुसलमान पैकारी आइपुगे । “आमी गाय ना दिबे” माइला बाजेले टुटेको बंगाली भाषामा ती व्यापारीलाई छिट्टो लघार्न खोजे । “आफूलाई घाँस लिन जान हतार भैद्रछ, बेला न कुबेला दलाल पस्छन्”, नबुझिने झर्के स्वरमा उनी फुस्फुसाए । असम र भुटानको सिमानाको सदावहार घना जङ्गल गाईपालाहरूको खर्क बस्ने रोजा ठाउँ । घाँस पानी प्रशस्त, दुध घिउ बेच्ने बजार नजिक, र मलिलो माटो । माइला बाजे अठार वर्ष अघि यहाँ आइपुगेका थिए - त्यस पछि उनी लोभिए । सनकोश नदीले असम र पश्चिम बंगाललाई सिमाना छुट्टयाइदिन्छ यहाँनेर । माइला बाजेले असम रोजे । असमको कच्छु गाउँमा एक नेपाली महाजनको गोठ सम्हाले र आफ्नो पनि जोडे । साँझको धन्दा छिनेर माइला बाजे छिमेकी गोठका पाखिन बुढासँग गफिन गए । “होइन त्यो दुई बिहारीले के खोजेको रैद्रछ ?” पाखिनले सोधे ।” खोइ, मलाई त तेसै दुले चोर होला जस्तो लाग्यो ।” राँगाबिल बजारबाट किनेको लामो सुर्तीको कंकट कागज निकालेर काटे पाखिन बुढाले ।

दुईवटा साना कागजमा सुर्ती मिलाएर बेरे दुवै जनाले र छेउमा भर्भर बलिरेहेको अगुल्टोबाट सुर्ती सल्काए । अब निस्के चोटिला गफका चस्का । माइला बाजे भन्दै थिए - चैनजो, पहाडमा दश नंग्री खियाएर वर्षभरि काम गरे पनि यत्तिको खान लाउन पाईदैन । पैसाको मुख देख्न हम्मे । यहाँ त जङ्गलमा बसे पनि पैसा आउने बाटो छ । बजारमा दुध घिउ मनग्गे बिक्छ । टाटनामा एक हल मिल्ने बहर छन् अहिले । तिनले कम्तीमा पनि चैनजो हजार पच्चिसेक लिन्छन् । साठी वर्ष पुगेका माइला बाजेको फुर्ती घटेको छैन - तन र मनको पनि । डोको बुन्ने चोया खिप्तै पाखिन बुढासँग जोसिँदै भने - “यतिको तन्नेरी मान्छेसँग कसो नआउलान् त ? एउटीको खाँचो छ, पहाडकीलाई धेरै भो छोडेको । “पाखिनलाई मुखभरिको जवाफ आएको थियो । भन्न मन लागेको हो -हाउ बाजे ! तिमीलाई यो उमेरमा के उत्ताउलो हुनुपरेको ? त्यो सानी छोरीको मुख हेर न ! तर घाँटीमा रोकेर गफ अर्कैतिर मोडे । “हाउ माइला बाजे, तिमीले पहाड घर छोडेको कति पो भयो हँ ?” “यो आउने फागुनमा चैन जो बाइस वर्ष लाग्छ । यता पसेकै उन्नाइस वर्ष भयो ।” “अबको आइतबार राँगाबिल बजार जानुपर्छ है” डोकोलाई पिंध बनिसकेर उठाएपछि माइला बाजे उठे काठको मुढाबाट । “सँगै जाउँला । मेरो पनि नुन मसला सकिएको छ । तीन शेर जति नौनी छ, त्यसैले सौदा भर्छु ।” पाखिनले मत मिलाए । माइला बाजे बजार भरेर महाजन जन्तरेको घरमा निस्के । ‘सपना बिग्रेको धेरै भो । चैन जो, घरमा केही आपद विपद परेको जोखाना आइरेछ मलाई ।’ जन्तरे महाजनलाई सुनाए । महाजनको हली डोग्रालाई गोठ हेर्न पठाएर माइला बाजे लागे नेपालतिर - कोशी किनारको चतरा गाउँ । सात वर्ष पहिले एउटा छाप्रो हालेका थिए माइला बाजेले - त्यहाँ बस्छिन् बाजेकी कान्छी - कटवालनी माइली आमैकी सौता । माइला बाजेको बिग्रेको सपनाले स’त गरेको भेट खायो- आठ वर्षको छोरो सिकिस्त बिरामी परेछ । धामी झाँक्री, झारफुक केही गर्दा बिसेक नभएको । बाजे आफैँ झारफुक र बुट्टी बाँध्ने वैदाङ्गी, तर उनको केही चलेन । अस्पताल राख्नुपर्ने भयो - अनिश्चित समय । डाक्टर र औषधीको खर्च जुटाउन माइला बाजेले गोठका बहर र दुहुने माउ गाई बेच्नुपर्ने भयो । नौ नम्बर गोठमा आफ्नो भागका वस्तु बेचेर उनी फर्के चतरा, फेरि फारस नफर्किने अठोट गरेर ।


**जिन्दगीको डोरो**

कटवालनी माइली आमै दिङ्लाफाँटको आइतबारे बजारमा डोकोभरि ल्याएको साग, मुला, सिमल तरुल, पिँडालु फिँजाएर बेच्न बसेकी छन् । साथमै छे, बाह्र वर्षकी कान्छी छोरी झुमा । ” ए कान्छी, आज कपाल औंधी चिलायो, एकैछिन ठुङ् हान्दे न ।” “हत्तेरी आमा पनि ! बजारमा बसेर के को ठुङ् हान्नु नि !” “अनि मेरो को छ त अरू ? तँ मात्रै त हो ?” साँच्चै हो । कटवालनी माइली आमैको बुढेसकालमा त्यही झुमा कान्छी छे सहारा । बुढाले भोजपुरको पहाड छोडेर हिँडेको बाइस-पच्चीस वर्ष हुन लाग्यो । कान्छी दश वर्षकी हुन्जेल तीन चार वर्ष बिराएर आउने गर्थे । त्यस पछिका दिनमा उनी आएको एकपल्ट मात्र सम्झना छ माइली आमैलाई । गोठको घिउ र जङ्गलमा आफैँले काढेको मह बेचेर कटवाल माइलाले भारूको बिटो बोकेर घर फर्कन्थे र घरमा चाहिने लत्ता कपडा र अरु खाँचो टार्थे । चैतको अन्तिम साता हिँड्ने दिनको बिहान सातु सामल बोकेर निस्किँदा, बुढी सम्झाउँथिन् तल तम्मर खोलामा पुगेर पानी फर्काइदिनू है ! “आमा, आज साग बेचेको पैसाले म एउटा स्कुले झोला किन्छु ल । मेरो झोला पुरानो भयो र सानो पनि भयो ।” झुमा कान्छीले बिक्रीको सानो भाग खोजी । सत्तरी वर्ष पुगेको ज्यानमा, समयको भुत्ते छिनोले दर्फर्याएको माइली आमैको अनुहारमा सुख र सन्तोषको अनुभव साह्रै कम देखिन्छ: घाम, झरी, हिलो, जाडो सहेर उकालो ओह्रालोमा खेताला, मेला-पात र बजारको नुन तेल बोकेर पहाडको जिन्दगी बाँचेकी छन् माइली आमै । ठूली छोरी पोहोर साल नै मधेसको एउटा केटोसँग भागेर हिँडी । मनको दु:ख अझ थपियो । छोरो थियो- तर अझै बेपत्ता छ । माओवादीमा लागेका साथीको लहै लहैमा घरबाट हिँडेको, कहिल्यै फर्केन । मरे बाँचेको खूद -खबर केही छैन । धन्न बुढाले घरको छानोमा जस्ता पाता हालिदिए । अब त सालिनी घर छाउनु पर्दैन । तर गाई ग्वाली लड्न आँटेको छ, बाख्राको खोर छाउन एक वर्ष ढिलो भएको छ । आइतबारे हाटमा साग मुला बेचेको पैसा कान्छी छोरीको स्कुले सामग्री किन्न ठिक्क भयो ।

पहिलाका बिक्रीबाट बचत पैसा थैलीमा चेपेकी थिइन् - त्यसैले एक मानो खाने तेल, दुई पोका नुन र एक बतल मट्टितेल किनेर माइली आमै र झुमा कान्छी घर फर्के । पुषको महिना । झुमाले एक बिहान आमासँग भनी,” आमा, बुबाले कान्छी आमा ल्याएर बसेका होलान् । नभए त एक दुई वर्षमा आउनुपर्ने । किन माया मारेका होलान् हामीलाई ?” झुमाको यो श’ा जायज हो जस्तो लागेको छ कटवालनी माइली आमैलाई । यति मात्र भनिन्, “तैँले सपनामा देखिस् क्या हो ?” उसलाई सम्झना छ बुबा आउँदा उसलाई जुत्ता, स्वीटर, स्कुलका लागि कलम कापी, झोला र दशैँका लागि दुई जोर कुर्ता सुरुवाल लिएर आउँथे । अहिले ऊ पाँच साल अघिका तिनै लुगा जुत्ता लाउँदैछे । उसले आमालाई नियालेर हेरी र सोधी - “आमा, तिम्रो न्यानो लुगा के छ र ? यसपालिको जाडोमा लगाउने चौबन्दी, स्वीटर र एउटा बर्को किन्नु है त्यो सिंगारे पाठो बेचेर ।” हाटमा लगेर सिंगारे बेचेको दिन झुमा कान्छीलाई डाँको छोडेर रुन मन लाग्योह त्यो पाठो जसलाई उसले बोकेर, दुध पिलाएर, घाँस दाना गरेर हुर्काएकी थिई । उसका लागि एक नजिकको साथी थियो सिंगारे । दुई दिन त खान पनि मन लागेन । तर न्यानो लुगा, आमाको छिनेको ज्यानलाई चाहिने र नभई नहुने आवश्यकता हो । उसले चित्त बुझाई - सिंगारेप्रति उसको माया, आमाको माया अगाडि केही होइन ।

*-साहित्यपोस्ट डटकम*

# नेपाल ज्योतिष परिषद स्थापना दिवस मनाइँदै




**पाल्पा,** पुस २३/आज नेपाल ज्योतिष परिषद स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

हरेक वर्ष पौष २४ गतेलाई नेपाल ज्योतिष परिषद् स्थापना दिवसका रूपमा मनाउने चलन अनुरुप यो दिवस मनाउन लागिएको हो । हुन त ज्योतिष शास्त्रलाई खगोल शास्त्र सँग जोडेर आकाशीय पिण्डहरूको अध्ययनका रूपमा मात्र लिने गरिएको भए पनि ज्योतिष शास्त्रलाई आकाश र जमिन दुवैको मानवीय अवस्थितीसंगको सापेक्षिक अध्ययनका रूपमा लिइन्छ । नेपाल ज्योतिष परिषद् (नेपाल ज्योतिष परिषद्) नामक गैर नाफामूलक संस्थाका रूपमा विसं २०५५ साल पौष २४ अर्थात् जनवरी २४ सन् १९९९मा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भएको हो । नेपाल ज्योतिष परिषद्को सबै प्रदेशहरूमा प्रदेश समिति र कार्यालयहरू रहेको पाइन्छ । वास्तवमा ग्रहको चालको सापेक्षिक असर मान्छेको जन्मको समय र ठाउँका आधारमा हुने अध्ययन नै ज्योतिष शास्त्र हो तर बृहत् रूपमा ज्योतिष शास्त्र यतिमै मात्र सीमित कहाँ हुन्थ्यो र ? पश्चिमाहरूले ज्योतिषशास्त्रलाई मेटाफिजीकल भनेर अभौतिक विषयको विज्ञानका रूपमा व्याख्या गरिएको पनि पाइन्छ तथापि पूर्वीय दर्शनमा भने कसमस अर्थात् ब्रह्माण्डको नै अध्ययन अनि ग्रह, नक्षत्र र तिनका प्रभावको अध्ययन गर्ने विशालकाय भौतिक विषयवस्तु विज्ञान मानिन्छ । विज्ञानको प्रारम्भिक स्वरूप नै ज्योतिष शास्त्रलाई लिइन्छ र आज यस शास्त्रको महिमा अनि महत्व बिश्वभरिनै गुञ्जायमान छ । हातमा केही थान पुस्तक अनि चन्दनको भार निधारमा हुँदैमा कोही ज्योतिष हुँदैन, चोक चौराहमा मन बहलाउन अनि गफ दिन मात्रै बसेका भविष्य ‘स्टाका स्वघोषित मनुवाहरू सबै ज्योतिष कहाँ हुन्छन् र ? ज्योतिष विद्या जान्नका लागि त्याग तपस्या अनि बलिदान चाहिन्छ । नेपालभरि विभिन्न विद्यापीठ अनि बिधाआश्रममा सदियौँ देखि यस विद्या अध्ययन अध्यापन गराइन्छ । जसले जे भने पनि ज्योतिष शास्त्र मानवले आफूलाई हेर्ने एउटा महत्पूर्ण घडी अनि दर्पण हो ।

## खेलकुद समाचार

### घुँडाको चोटका कारण सावित्रा मैदानबाहिर रहने

**काठमाडौ,** पुस २३/नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा स्ट्राइकर सावित्रा भण्डारी ‘साम्बा’ चोटका कारण ९ महिनादेखि १२ महिनासम्म मैदानबाहिर रहने भएकी छिन् । अस्ट्रेलियन ए लिग फुटबलमा वेलिङ्टन फिनिक्सबाट खेलिरहेकी भण्डारीको घुँडामा गम्भीर चोट लागेको र उनले लिगका बाँकी खेल गुमाउने क्लबले जनाएको छ । गएको शनिवार ब्रिस्बेन रोअरसँगको खेलका क्रममा भण्डारी विपक्षी टोलीकी गोलकिपरसँग ठोक्किन पुगेकी थिइन् । उनको दाहिने घुँडाको ‘एसीएल’ पूर्णरूपमा च्यातिएको एमआरआई रिपोर्टले देखाएको छ । योसँगै सावित्रा भण्डारी चोटका कारण सिजनको अन्त्यतिर टोलीबाट बाहिरिने तेस्रो खेलाडी बनेकी छिन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से दोहोरो अंकले घट्यो

**पाल्पा,** पुस २३/सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले घटेर बन्द भएको छ । अघिल्लो दुई कारोबार दिन बढेको नेप्से बुधबार १३ दशमलव ३५ अंकले घटेको हो ।

अघिल्लो दिनको तुलनामा यो ० दशमलव ५० प्रतिशतले कम हो । यससँगै समग्र नेप्से २ हजार ६ सय ३५ दशमलव ९४ विन्दुमा ओर्लेको छ । नेप्से परिसूचक घट्दा कारोबार रकम मंगलबारको तुलनामा घटेको छ । मंगलबार ७ अर्ब माथिको सेयर कारोबार भएको थियो । बुधबार ३ सय २३ वटा स्क्रिप्सको १ करोड ६ लाख ३३ हजार ७ सय १७ कित्ता सेयर ५ अर्ब १७ करोड ५० लाख ९१ हजार ९ सय ९१ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये ६२ वटा स्टक्सको मूल्य बढ्दा १ सय ८७ वटाको घट्यो । १० वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । यसदिन कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । नारायणी डेभलपमेन्ट बैंकको सर्वाधिक ६ दशमलव ०८ प्रतिशतले बढ्यो । एसवाई प्यानलका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर ८ दशमलव ४५ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एसवाइ प्यानल नेपाल शीर्ष स्थानमा रह्यो । सो कम्पनीले २६ करोड मूल्य बराबरको सेयर कारोबार गरे । श्रीनगर एग्रिटेक इन्डस्ट्रिजको २३ करोडको सेयर कारोबार हुँदा मञ्जुश्री फाइनान्सले २० करोड,शिवम सिमेन्टले १६ करोड र सागर डिस्टिलरीले १५ करोड मूल्य बराबरको सेयर कारोबार गरे । फाइनान्स र ट्रेडिङ समूहको उपसूचकबाहेक अरू समूहको उपसूचक नकारात्मक देखिएका छन् ।

**Purbakhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

## Invitation for Online Bids

***Date of publication: 2082/09/24(08-01-2026)***

Purbakhola Rural Municipality Office, Purbakhola, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Global IME Bank Ltd., Purbakhola Palpa
**Account No.:** 14604010000009
**Account name:** AANTARIK RAJASWO KHATA PURBAKHOLA
**Name of the Office**: Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa

Bid Validity Period: 75 Days

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| RE/EGP/NCB/SQ/PRM-10-2082-83 | Manakamana Pra.Vi. Purbadhara Nirman Yojana | 966239.78 | 1000 | 25000 | 2082/10/09 2026/01/23 12:00 |
| RE/EGP/NCB/WORKS/SQ/PRM-16-2082-83 | Zero dekhi Janasariya Ma.Vi. Jane Motor Bato Stonaumati yojana | 999116.69 | 1000 | 25,000 | 2082/10/09 2026/01/23 12:00 |
| RE/EGP/NCB/WORKS/SQ/PRM-17-2082-83 | Aadhuro Ward Office Meeting Hall Construction Work | 699601.6 | 1000 | 18,000 | 2082/10/09 2026/01/23 12:00 |
| RE/EGP/NCB/SQ/WORKS/PRM-21-2082-83 | Besergha Basti Bikash Yojana -Purbakhola -4 Devinagar | 999708.93 | 1000 | 25,000 | 2082/10/09 2026/01/23 12:00 |
| RE/EGP/NCB/SQ/WORKS/PRM-23-2082-83 | Mandali Sports Club Khel maidan aadhuro Nirman Yojana | 1999717.35 | 1000 | 50000 | 2082/10/09 2026/01/23 12:00 |

**Chief Administrative Officer**
**Purbakhola Rural Municipality Office**

## करदातासम्म पुगेर राजस्व...

...कार्यालयले स्रोत व्यक्ति (फोकलपर्सन) तोकेरै ‘फलोअप’ गरेको उनले जानकारी दिए । त्यस्तै आन्तरिक राजस्व कार्यालयले लामो समयदेखि मूल्य अभिवृद्धि कर, आय विवरण र अन्त:शुल्क विवरण नबुझाउने करदातालाई पनि विवरण बुझाउन अनुरोध गर्दै सूचना पठाएको छ । प्रमुख कर अधिकृत पोखेलका अनुसार यसका लागि तीन जना कर्मचारीलाई ‘डेडिकेटेड’ रूपमा खटाइएको छ । “प्रत्येक करदातालाई एसएमएस र टेलिफोनमार्फत जानकारी गराइएको छ, त्यस्तै सम्बन्धित पालिका, वडा कार्यालयमा करदाताको विवरण बुझाउन अनुरोध गर्दै सूचना टाँस गरिएको छ । यसका साथै स्थानीय तहका सामाजिक सञ्जाल (फेसबुक पेज) र आन्तरिक राजस्व कार्यालयको फेसबुक पेजमा पनि यो सूचना राखिएको छ ।

करदातालाई कार्यालयसम्म आउनका लागि जानकारी गराइदिन स्थानीय तहका जनप्रतिनिधिलाई पनि आग्रह गरिएको उनले बताए । त्यस्तै, कार्यालय प्रमुखहरूको मासिक बैठकमार्फत पनि यो सूचना प्रवाह गरिदिन आग्रह गरिएको छ । हालसम्म मूल्य अभिवृद्धि कर विवरण नबुझाउने करदाताको संख्या तीन हजार ६०० रहेको प्रमुख कर अधिकृत पोखेलले बताए । विसं २०८२ पुस मसान्तभित्र मूल्य अभिवृद्धि विवरण, मूल्य अभिवृद्धि कर र लाग्ने २५ प्रतिशत ब्याज बुझाएमा अन्य जरिवाना र थप दस्तुर (कर र ब्याजको २५ प्रतिशत) सबै मिनाहा हुने कर अधिकृत गौरव पाण्डेले बताए । अन्त:शुल्क र विलम्ब शुल्कको ५० प्रतिशत बुझाएमा बाँकी विलम्ब शुल्क र जरिवाना पनि मिनाहा हुने कर अधिकृत पाण्डेले जानकारी दिए । पुस मसान्तभित्रमा विवरण बुझाएर तथा राजस्व दाखिला गरी छुटको लाभ लिन उनले अनुरोध गरे । चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्ममा आन्तरिक राजस्व विभागले पाँच अर्ब ३६ करोड ८३ लाख आठ हजार सङ्कलन गर्ने लक्ष्य दिएकामा कार्यालयले लक्ष्यको १२१ दशमलव १ प्रतिशत अर्थात् रु छ अर्ब ५० करोड ३२ लाख सात हजार सङ्कलन गरेको हो । कार्यालयका अनुसार गत आव २०८१/८२ को सोही अवधिमा कार्यालयले चार अर्ब ५१ करोड आठ लाख ४७ हजार राजस्व सङ्कलन गरेको थियो । गत वर्षको सोही अवधिको तुलना गर्दा अहिले राजस्व सङ्कलन ४४ दशमलव २ प्रतिशतले वृद्धि भएको प्रमुख कर अधिकृत पोखेलले जानकारी दिए । उनका अनुसार अर्थतन्त्रका परिसूचकमा देखिएको सुधार, आर्थिक गतिविधिमा भएको वृद्धि, नियमित, प्रभावकारी र क्षेत्रगत बजार अनुगमन, वक्यौता असुलीमा तीव्रता, बजेटमा व्यवस्था भएका छुट सुविधाको कार्यान्वयन, परिणाममुखी र प्रभावकारी करदाता शिक्षा, करदातामैत्री सेवा प्रवाह र नक्कली मूल्य अभिवृद्धि कर बीजक जारी गर्ने र खरिद गर्नेमाथिको अनुसन्धान तथा कर निर्धारण र कर परिपालनामा देखिएको करदाताको उत्साहका कारण कार्यालयले लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको हो । आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्रअन्तर्गत ८२ हजारभन्दा बढी व्यावसायिक करदाता छन् । यो कार्यालयको कार्यक्षेत्रमा रुपन्देहीको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नं ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नं १ देखि ४ तथा ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा, कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतिया, रोहिणी, सम्मरीमाई, सियारी गाउँपालिका र शुद्धोदन गाउँपालिकाको वडा नं ३ र नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्ला पर्छ । *-रासस*

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई